एकाइ १

# Digital Citizenship भनेको के हो?



**Supported By:**

ASML Foundation

Alternatives 4 children

**© Karkhana Samuha, 2025**

Unless otherwise stated, this work is licensed under the Creative Commons Attribution-NonCommercial-ShareAlike 4.0 International (CC BY-NC-SA 4.0) license.

https://creativecommons.org/licenses/by-nc-sa/4.0/

CC BY NC SA

एकाइ १

# Digital Citizenship भनेको के हो?

## सिकाइका लक्ष्यहरू

यस पाठ एकाइको अन्त्यसम्ममा, विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुनेछन् :

- Digital Citizenship को अवधारणा बुझ्न, बुझाउन र **डिजिटल संसार** कति ठूलो छ भन्ने बोध गर्न ।
- प्रविधि (Technology) को प्रयोगले कसरी मानिसहरूलाई स्थानीय (Local) र विश्वव्यापी (Global) रूपमा जोड्छ भन्ने कुरा बुझ्न ।
- **डिजिटल पदचिह्न (Digital Footprint)** को अवधारणा र यसको प्रभावबारे व्याख्या गर्न ।
- कोही व्यक्ति जिम्मेवार र आदर्श **डिजिटल नागरिक** कसरी बन्न सक्छ भन्ने कुरा बुझ्न ।
- सकारात्मक परिवर्तनका लागि आफ्ना **डिजिटल बानीहरू**माथि विचार गर्न ।

## हाम्रो वरपरको डिजिटल संसार : तपाईंको नयाँ समुदाय

अहिलेको डिजिटल युगमा हरेक दिन तपाईं दुईवटा समुदायको भाग भइरहनु भएको छ :

**१. भौतिक समुदाय (Physical Community) :** तपाईंको विद्यालय, घर, टोल, छिमेक, बजार, खेलमैदान, वा दैनिक जाने–आउने ठाउँहरू।

**२. डिजिटल समुदाय (Digital Community) :** सामाजिक सञ्जाल (Social Media), अनलाइन खेलहरू (Games) ।

डिजिटल संसार एउटा यस्तो ठाउँ हो, जहाँ हामी **इन्टरनेट, कम्प्युटर र मोबाइलको** सहयोगले संसारभरिका मानिसहरूसँग कुरा गर्न , नयाँ-नयाँ कुराहरू सिक्न, र भौतिक समुदायमा काम लाग्ने विभिन्न उपयोगी क्रियाकलाप गर्न सक्छौँ । यो वास्तविक जीवनजस्तै हो । यो समुदायमा पनि नियम, अधिकार र जिम्मेवारीहरू हुन्छन् ।

- **जडान (Connection) :** तपाईं विराटनगरका समसामयिक घटनाहरू (Current events) बारे जान्न सक्नुहुन्छ, अष्ट्रेलियामा बस्ने दिदी-दाजुलाई वा देश-विदेशका कुनै पनि ठाउँमा भएका व्यक्तिहरुलाई  फोटो पोस्ट वा शेयर गर्न सक्नुहुन्छ, वा तुरुन्तै YouTube भिडियोबाट नयाँ सिपहरु सिक्न सक्नुहुन्छ ।
- **अन्तरक्रिया (Interaction) :** तपाईंले अनलाइनमा हरेक पटक क्लिक गर्दा, पोस्ट वा शेयर  (Post and Share)  गर्दा, टिप्पणी (Comment)  गर्दा, वा साथीहरूसँग गेम खेल्दा, तपाईं यस समुदायभित्र अन्तरक्रिया गरिरहनुभएको हुन्छ ।

## Digital Citizen को हो र यो बुझ्न किन महत्वपूर्ण छ ?

**Digital Citizen वा डिजिटल नागरिक** त्यो हो, जसले जिम्मेवारीपूर्वक जोडिन, सिक्न र पोस्ट वा शेयर गर्नका लागि प्रविधि, मोबाइल, इन्टरनेट वा सामाजिक सञ्जालको प्रयोग गर्छ ।

- तपाईंले छोटो समयका लागि मात्र अभिभावकको फोन प्रयोग गरे पनि वा गृहकार्यको लागि AI प्रयोग गरे पनि, तपाईंले अनलाइन माध्यममा गर्ने व्यवहारले तपाईंलाई एक डिजिटल नागरिक बनाउँछ ।

**एक असल डिजिटल नागरिकका मुख्य बानीहरू :**

- **प्रविधिको बुद्धिमानी प्रयोग :** आफ्नो स्क्रिन समय (Screen time) व्यवस्थापन गर्ने र वास्तविक जीवनमा ध्यान केन्द्रित गर्न कहिले छोड्नु पर्ने वा बन्द गर्नुपर्ने (Disconnect) भन्ने कुरा थाहा पाउने ।
- **आदरपूर्वक व्यवहार गर्ने :** अनलाईनमा जोकोही भएपनि, ऊ जुन पृष्ठभूमिको भएपनि, विभिन्न संस्कृति र विचारहरूप्रति आदरपूर्वक शिष्टता र विचार पुर्याएर संवाद गर्ने ।

- **आफू र अरूलाई जोगाउने :** गोपनीयताका नियमहरू थाहा पाउने, पासवर्डहरू सुरक्षित राख्ने र अन्यायविरुद्ध बोल्ने ।
- **गम्भीर भएर सोच्ने (Think Critically) :** कुनै पनि जानकारी (गलत जानकारी) पत्याउनु वा पोस्ट वा शेयर (believe, accept, post or share) गर्नुअघि प्रश्न गर्ने ।



शिक्षक विकास
(Teacher Bikas)

"नमस्ते ! इन्टरनेटलाई एउटा **विशाल कक्षाकोठा** जस्तो सोच्नुहोस् जहाँ सबैले तपाईंको कुरा सुन्न सक्छन् । जब तपाईं आदरपूर्वक व्यवहार गर्नुहुन्छ, अरूको विचारलाई सम्मान गर्नुहुन्छ र बोल्नुअघि सोच्नुहुन्छ, तब तपाईंले सकारात्मक सिकाइ वातावरणमा योगदान गरिरहनुभएको हुन्छ । **डिजिटल नागरिक (Digital Citizen)** हुनु भनेको तपाईंको सबैभन्दा राम्रो व्यवहारलाई कक्षाकोठाबाट वा भौतिक संसारबाट स्क्रिनमा वा भर्नौं डिजिटल संसारमा पनि कायम राख्नु हो ।"

## तपाईंको डिजिटल फुटप्रिन्ट (The Permanent Mark)

अनलाइन संसारमा तपाईंका हरेक गतिविधि, चाहे त्यो कुनै वेबसाइट भिजिट होस् वा कुनै कमेन्ट, त्यसले एउटा **स्थायी रेकर्ड (Permanent Mark)** बनाउँछ। यो रेकर्डलाई मेटाउन एकदमै गाह्रो हुन्छ। यसैलाई तपाईंको **'डिजिटल पदचिह्न' (Digital Footprint)** भनिन्छ, जसले तपाईं अनलाइनमा कस्तो हुनुहुन्छ र कस्तो व्यवहार गर्नुहुन्छ भनेर संसारलाई देखाउँछ ।

**सामग्री : डिजिटल पदचिह्नबारे थप जानकारीका लागि यता क्लिक गर्नुहोस** 👉 [Digital Footprint]

**डिजिटल पदचिह्न** भनेको इन्टरनेट प्रयोग गर्दा तपाईंले छोड्ने डेटाको निशानी हो जस्तै Search History, Cookies आदि । साधारण वा दैनिक रूपमा हेर्दा, यसमा निम्न कुराहरू पनि समावेश हुन्छन् :

- तपाईंले पोस्ट गर्नुभएका सबै कुरा (फोटो, टिप्पणी, भिडियो),
- तपाईंले लाइक (Like) वा पोस्ट तथा शेयर (Share) गर्नुभएका सबै कुरा,
- तपाईं जानुभएका सबै वेबसाइटहरू,
- तपाईंले डाउनलोड गर्नुभएका सबै एपहरू, आदि ।

**पदचिह्न किन महत्त्वपूर्ण छ ?**

डिजिटल संसारले लगभग सबै डेटा याद राख्छ र यससँग केही पनि नबिर्सिने शक्ति **(Near-perfect memory)** हुन्छ । एकपटक कुनै कुरा अनलाइन भएपछि, तपाईंले **'Delete'** गरे पनि त्यो प्रायः सधैँ कतै न कतै रहिरहन्छ । यो तपाईंको डेटाको इन्टरनेटमा धेरै तरिकाले प्रयोग गरिन्छ वा गर्न सकिन्छ । स्वयं इन्टरनेट र त्यहाँ भएको Apps वा यसको विभिन्न प्रयोगकर्ताले नै तपाईँ बारे जान्न यसको प्रयोग गर्न सक्छन् ।



सचेत प्रयोगकर्ता गीता
(Mindful User Gita)

**पोस्ट वा केही अनलाईन क्रियाकलाप गर्नुअघि आफैँलाई तीन प्रश्न सोध्नुहोस् :**

- के म यो कुरा व्यक्तिगत रूपमा (In person) भन्न सक्छु ? **(सम्मान जाँच - The Respect Test)**
- के म यो कुरा १० वर्षपछि पनि मलाई चिनेका सबैलाई (मेरो शिक्षक वा हजुरबुबा-हजुरआमासमेतलाई) देखाउन सक्छु ? **(स्थायित्व जाँच - The Permanence Test)**
- के यो सत्य छ ? **(सत्यनिष्ठा जाँच - The Integrity Test)**

आफूले मनन् गर्दा यदि यीमध्ये कुनै एकको जवाफ **'होइन'** छ भने, पोस्ट वा त्यो अनलाईन क्रियाकलाप नगर्नु नै राम्रो हो ।

## जिम्मेवार अनलाइन व्यवहार

इन्टरनेट केवल एउटा माध्यम हो, र यसलाई सकारात्मक वा हानिकारक बनाउने कुरा हाम्रो व्यवहारले निर्धारण गर्छ। राम्रो डिजिटल व्यवहार अपनाउँदा, हामी सबैका लागि इन्टरनेटलाई अझ सुरक्षित ठाउँ बनाउन सक्छौँ।

### 🌟 असल VS खराब डिजिटल व्यवहार

| असल डिजिटल व्यवहार (जिम्मेवार) | खराब डिजिटल व्यवहार (गैरजिम्मेवार) |
|---|---|
| सत्य, सम्मानजनक र सकारात्मक सामग्री पोस्ट वा शेयर गर्ने | झुटा समाचार, गफ वा अफवाह फैलाउने (Misinformation) |
| अरूको फोटो वा निजी जानकारी पोस्ट गर्नुअघि स्पष्ट अनुमति माग्ने | अरूको सहमतिबिना उनीहरूको निजी फोटो वा कुराकानी (Chats) पोस्ट वा शेयर गर्ने |
| टिप्पणी(Comment) र सन्देशहरूमा विनम्र, रचनात्मक भाषा प्रयोग गर्ने | दुःख दिने, रिसाहा वा दुर्व्यवहारपूर्ण शब्दहरू प्रयोग गर्ने (Cyberbullying/Hate speech) |
| अनलाइन दुर्व्यवहारमा परेको वा सताइएको साथीलाई मदत गर्ने वा हानिकारक सामग्री रिपोर्ट गर्ने | गैरकानुनी सामग्रीमा पहुँच गर्ने वा श्रेय (credit, mention) नदिई अरूको काम नक्कल गर्ने |



सचेत प्रयोगकर्ता गीता
(Mindful User Gita)

"मैले बुझेँ कि असल डिजिटल नागरिक हुनु भनेको **सचेत (Mindful)** हुनु हो । यो भनेको प्रतिक्रिया दिनुअघि एकछिन रोकिनु हो । जब म कुनै कमेन्टबाट रिसाउँछु, म तत्कालै रिसमा प्रतिक्रिया नदिई त्यसलाई बेवास्ता गर्छु वा बन्द गर्छु र पछि आफू शान्त हुँदा मात्र फर्केर प्रतिक्रिया दिन्छु वा त्यसलाई हटाँउछु । त्यो एकछिनको रोकाइले मलाई पछि पछुताउनुपर्ने नकारात्मक डिजिटल पदचिह्न बनाउनबाट रोक्छ । मेरो **भावनात्मक नियन्त्रण (Emotional control)** मेरो सबैभन्दा ठूलो अनलाइन उपकरण हो ।"

तपाईंले आज इन्टरनेट प्रयोग गर्नुभएका सबै समयको विस्तृत सूची बनाउनुहोस्

(उदाहरणका लागि बिहान ७ बजे TikTok हेरेँ, ११ बजे विद्यालयको गृहकार्यको लागि Google प्रयोग गरेँ, साँझ ५ बजे साथीहरूसँग समूह च्याट गरेँ) ।

हरेक कार्यका लागि, **चिह्न लगाउनुहोस् :**

- ✅ यदि त्यो **जिम्मेवार, सुरक्षित र सम्मानजनक** थियो भने ,
- ❌ यदि त्यो **गैरजिम्मेवार, जोखिमपूर्ण वा अनादरपूर्ण** थियो भने ।

**आफ्नो निष्कर्षमाथि विचार गर्नुहोस् :**

- तपाईंको ❌ चिन्हहरूको कारण के थियो अथवा किन त्यो कार्य **गैरजिम्मेवार, जोखिमपूर्ण वा अनादरपूर्ण** थियो ?
- असल डिजिटल नागरिक बन्नका लागि तपाईंले **आजै परिवर्तन गर्न सक्ने एउटा बानी** (Specific habit) के हो ?

## पाठ एकाइ १ का मुख्य सारांश

| अवधारणा (Concept) | पाठ (Lesson) |
|---|---|
| **डिजिटल नागरिक** | प्रविधिको माध्यमबाट संसारसँग जोडिने, ज्ञान सिक्ने र बुद्धिमानीपूर्वक सूचनाहरू साझा गर्ने वा गर्न सक्ने व्यक्ति । |
| **डिजिटल संसार** | जानकारी र सम्बन्धको विशाल समुदाय। |
| **डिजिटल पदचिह्न** | इन्टरनेटमा तपाईंले गर्ने गतिविधि र सेयर गर्ने जानकारीबाट बन्ने स्थायी छाप । |
| **सर्वस्वीकार्य नियम** | अनलाइन र अफलाइन दुवैमा सम्मानजनक, दयालु र इमानदार हुनुहोस् । |